चन्द्रपुर नगरपालिका

स्थानीय राजपत्र

खण्ड : ८ संख्या : १४ मिति : २०८२/०३/०५

भाग –२

चन्द्रपुर नगरपालिकाको स्थानीय जलवायु परिवर्तन निति,२०८१

स्थानिय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ को उपदफा २ बमोजिम चन्द्रपुर नगरपालिकाको नगरकार्यपालिकाले स्विकृत गरेको कार्यविधि सर्वसाधारणको जानकारीका लागि स्थानिय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम प्रकाशन गरिएको छ।

वि.स. २०८१ सालको कार्यविधि न. १४

# चन्द्रपुर नगरपालिकाको "स्थानीय जलवायु परिवर्तन नीति २०८१"

## १. पृष्टभूमि

जलवायु परिवर्तनले विश्वभरिको वातावरण, समाज र अर्थतन्त्रमा गहिरो प्रभाव पारिरहेको छ, विशेषतः तापमान वृद्धि, वर्षा ढाँचामा परिवर्तन, समुद्री सतह वृद्धि, र चरम मौसमजन्य घटनाहरू–जस्तै बाढी, खडेरी तथा आँधीका रूपमा यसको प्रभाव स्पष्ट देखिन्छ। नेपालको भौगोलिक अवस्थिति, धरातलीय विविधता, कमजोर भौगर्विक बनावट, सम्वेदनशील परिस्थितिकीय प्रणाली आदि कारणले गर्दा नेपालले जलवायु

परिवर्तनको प्रभाव अझ तीव्र रूपमा अनुभूत गर्नु परेको छ। नेपालको विशिष्ट भौगोलिक विविधता जस्तै हिमाल पहाड र तराईको कारण पनि क्षेत्रगत हिसाबले जलवायु परिवर्तनको प्रभाव फरक-फरक छन्।

जलवायु परिवर्तनको कारण हिमाली क्षेत्रमा पग्लिंदो हिउँ र हिमपातमा कमि, तराई क्षेत्रमा बाढी र सुख्खा, र पहाडी क्षेत्रमा भू-स्खलन र पहिरोका घटनाहरू बढी हुने गरेको छ। यस्ता प्रभावहरूले स्थानिय कृषि प्रणाली, जलस्रोत, र जिविकोपार्जनमा प्रत्यक्ष असर गरेको र गरिवी र समाजिक असमानतालाई बढावा दिएको छ। तसर्थ,जलवायु परिवर्तनको अनुकूलन र जोखिम न्यूनीकरणका कार्ययोजनाहरु स्थानीय स्तरमा विशेष रुपमा संचालन गर्न आवश्यक छ।

## २. नेपालको जलवायुसंग सम्बन्धित केहि नीति र रणनीतिहरू

नेपाल सरकारले जलवायु परिवर्तनको चुनौतीलाई समाधान गर्न विभिन्न राष्ट्रिय नीति र रणनीतिहरू लागू गरेको छ। यी नीति र रणनीतिहरूले नेपालको जलवायु परिवर्तनका प्रभावसँग जुध्नका लागि अनुकूलन र न्यूनीकरणका उपायहरू तय गरेका छन् जसमा केहि प्रमुख नीति तथा रणनीतिहरु निम्न प्रकार रहेका छन्।

<u>राष्ट्रिय अनुकूलन कार्ययोजना (NAPA) २०१०:</u> यो योजनाले नेपालका जलवायु जोखिमयुक्त क्षेत्रहरू जस्तै कृषि, वन, जलस्रोत, र स्वास्थ्यमा तत्काल र अत्यावश्यक अनुकूलन आवश्यकतालाई पहिचान गरेको छ।

<u>स्थानीय अनुकूलन कार्ययोजना (LAPA) २०११:</u> NAPA लाई सहयोग गर्दै, LAPA ले स्थानीय विकास योजना र अनुकूलन क्रियाकलापलाई एकीकृत गरी समुदायको सहभागिता र स्वामित्वलाई प्राथमिकता दिन्छ।

<u>जलवायु परिवर्तन नीति २०१९:</u> यो नीतिले न्यून-कार्बन विकास, जलवायु सहनशीलता, र दिगो स्रोत व्यवस्थापनलाई प्रवर्द्धन गरी जलवायु जोखिम घटाउने र वातावरणीय दिगोपन सुनिश्चित गर्ने लक्ष्य राखेको छ।

<u>राष्ट्रिय अनुकूलन योजना (NAP) २०२१:</u> NAP ले दीर्घकालीन र रणनीतिक रूपमा जलवायु परिवर्तन अनुकूलनलाई प्राथमिकता दिंदै विभिन्न क्षेत्र र स्तरमा समावेशी र दिगो अनुकूलनको लागि खाका प्रस्तुत गर्दछ।

<u>राष्ट्रिय रुपमा निर्धारण गरिएका योगदानहरू (NDC) २०२०:</u> पेरिस सम्झौता अन्तर्गत, नेपालले २०४५ सम्ममा नेट-शून्य उत्सर्जन प्राप्त गर्ने प्रतिबद्धता जनाएको छ, जसमा नवीकरणीय ऊर्जा, दिगो यातायात र वन संरक्षणमा ध्यान केन्द्रित गरिएको छ।

स्थानीय अनुकूलन कार्ययोजना (LAPA) को राष्ट्रिय संरचना २०१९: यो संरचनाले LAPA विकास र कार्यान्वयनलाई मापदण्डमा राख्दै राष्ट्रिय लक्ष्य र अन्तर्राष्ट्रिय प्रतिबद्धतासँग सहकार्य सुनिश्चित गर्दछ।

विपत् न्यूनीकरण तथा व्यवस्थापन ऐन २०१७: यसले प्रकोप तयारी, प्रतिकार्य, र पुनःस्थापनामा जोड दिँदै जलवायु जोखिमलाई प्रकोप व्यवस्थापनमा समावेश गर्दछ।

## ३. स्थानीय स्तरमा जलवायु परिवर्तनको प्रभाव

जलवायु परिवर्तनको कारण चन्द्रपुर नगरपालिका भित्र क्षेत्रगत रुपमा विभिन्न समस्याहरु देखा परेका। अनियमित वर्षा, खडेरी र बाढीका कारण कृषि उत्पादनमा कमी आउँदा खाद्य सुरक्षा प्रभावित भएको छ। बाढी, पहिरो, डुबान र आँधी-हुरीजस्ता प्राकृतिक प्रकोपहरूको तीव्रता र आवृत्ति बढ्दा स्थानीय संरचना, जनधन, र बसोबासमा क्षति पुगेका छन्। अत्यधिक गर्मी, रोग-किराको फैलावट, र पानीजन्य रोगहरूले स्थानीय स्वास्थ्य प्रणालीमा चुनौती थपिएको छ। पर्यटन, कृषिमा आधारित उद्यम, र हस्तकला जस्ता आयका स्रोतहरूमा असर हुँदा आर्थिक अस्थिरता हुने देखिएको छ। वातावरणीय क्षति र स्रोतको अभावले जनसंख्यालाई प्रभावित परेको देखिन्छ।

चन्द्रपुर नगरपालिका भित्र विशेष गरेर वन तथा जैविक विविधता, खानेपानी तथा सरसफाई, कृषि तथा खाद्य सुरक्षा र विपद व्यवास्थापन जलवायु परिवर्तनबाट प्रभावित मुख्य क्षेत्रहरुको रुपमा रहेका छन् जसको क्षेत्रगत समस्याहरु निम्न प्रकार छन्।

### १. वन तथा जैविक विविधता

वन क्षेत्रमा देखिएका विभिन्न समस्याहरूले जैविक विविधता र वातावरणमा गम्भीर प्रभाव पारिरहेका छन्। सामुदायिक वनहरुमा बनमाराको प्रकोप बढ्दो छ र वन संरक्षणका लागि मुख्य चुनौती बनेको छ। सालका पातहरूमा रोग किरा लाग्ने समस्याका कारण गुणस्तरीय पात प्राप्त गर्न कठिनाई भएको र जिविकोपार्जन लागि सुरु गरिएका वनमा आश्रित दुना टपरी उद्यममा प्रतिकूल असर पार्न सक्ने देखिन्छ। त्यस्तै, सिसौका रुखहरुमा कलिलैमा धमिरा लाग्ने तथा सुक्ने गरेका छन्।

चरिचरण नियन्त्रण नहुँदा नदी कटानको समस्या तीव्र बन्दै गएको र वार्षिक रूपमा करिब ४०० रुख तथा बोट बिरुवाहरु नदीले ढाल्ने वा बगाउने गरेको अनुमान स्थानीयको छ। जंगलको स्रोतमा कमि, बढ्दो वन अतिक्रमण, मानव-वन्यजन्तु द्वन्द जस्ता चुनौतीहरुको सामना गर्न पनि प्रभावकारी व्यवस्थापन रणनीतिहरू अपनाउनु आवश्यक छ।

### २. खानेपानी, सरसफाई तथा स्वास्थ्य

खानेपानी तथा सरसफाइ क्षेत्रमा विभिन्न चुनौतीहरू देखा परेका छन्। जमिनमुनिको पानीको सतह निरन्तर घट्दै जाँदा पानीको उपलब्धता घट्दो क्रममा छ। विगतमा ३५-४५ मिटर गहिराइमा प्राप्त हुने पानी

हाल करिब १०० मिटर खन्नुपर्ने अवस्था रहेको स्थानीयबासी बताउन्छन्, जसले दीर्घकालीन रूपमा खानेपानी अभावको समस्या निम्त्याउन सक्छ। भू-जलभरणका लागि महत्त्वपूर्ण विकल्पको रुपमा रहेका सिमसार क्षेत्रहरू अतिक्रमण तथा उचित संरक्षण तथा व्यवस्थापनको अभावले दिनानुदिन मासिंदै जाने क्रम वढ्दो छ।

नगरभित्र ढल तथा फोहोर व्यवस्थापन गम्भीर समस्या बन्दै गएको छ, विशेष गरी मुसहर, दलित बस्तीमा फोहोरमैला तथा ढलको उचित व्यवस्थापन आवश्यक देखिएको छ। मुख्य सडक क्षेत्रमा फोहोर फाल्ने प्रवृत्ति बढ्दै गएको छ भने नगरका आसपासका वस्तीहरूले घरभित्रै फोहोर जलाउनाले वातावरणीय प्रदूषण तथा स्वास्थ्य जोखिम निम्त्याउने सम्भावना छ। अत्यधिक गर्मी, लामखुट्टेको फैलावट, र पानीजन्य(मलेरिया, डेंगु जस्ता)रोगहरूले गरिब वस्तिहरुको मानिसको स्वास्थ्य प्रणालीमा चुनौती थपिएको छ। तसर्थ,सरसफाइसम्बन्धी प्रभावकारी अभियानको जरुरि देखिन्छ।

## ३. कृषि तथा खाद्य सुरक्षा

यस नगरपालिकाभित्रको कृषि तथा पशुपालन क्षेत्रमा पनि विभिन्न समस्याहरु देखा परेका छन् जसले दीर्घकालीन उत्पादनशीलता, दिगोपन र खाद्य सुरक्षामा असर पार्न सक्छ। तरकारी तथा दलहन वालीमा रोगकिराको प्रकोप बढ्दो क्रममा छ भने, मकै वालीमा एउटै आँख्लामा ३ देखि ५ वटा सम्म मकैको घोगा लाग्ने गरेको र उत्पादनमा ह्रास आएको स्थानीयले बताएका छन्।

यस नगरपालिका भित्र उत्पादन वृद्धि तथा व्यवसायकरणको लागि थालनी गरिएको धान जोन तथा केरा जोन क्षेत्रमा रोगकिराको महामारी फैलिँदा किसानहरू ठूलो नोक्सानीमा परेका छन्। त्यस्तै, हावाहुरीका कारण केरा खेतीमा गम्भीर क्षति पुगेको र कृषि बीमा प्रभावकारी रूपमा लागू हुन नसक्दा वार्षिक रूपमा २५% भन्दा बढी नोक्सानी भइरहेको स्थानीयको गुनासो छ। उक्त रोगकिरा नियन्त्रणको लागि वढ्दो मात्रामा विषाधिको प्रयोग गर्नु परेको स्थानीय कृषकेहरु बताउन्छन्।

पशुपालन जस्तै भैंसीहरूमा छालासम्बन्धी रोग, थुनेलो, नाम्ले जस्ता रोगहरू प्रमुख चुनौतिको रुपमा देखा परेको छ। नगरपालिकाले दूध कोरिडोर घोषणा गरी भैसी पालन कार्यक्रम पर्बर्धन गरेपनि प्राविधिक सहयोग पर्याप्त नभएको स्थानीय कृषकहरु बताउँछन्। पर्याप्तमात्रामा डाले घास तथा भुईं घाँसको अभाव, वनजंगलमा पाईने स्रोतहरुमा कमिका कारण दुध उत्पादनमा थप समस्या देखा पर्न सक्छ।

जलवायु परिबर्तनको कारण सुक्खा समयमा वर्षातको कमी साथै सिंचाईको अभावले गर्दा खाद्यान्य, फलफुल तथा तरकारी उत्पादन गर्न समस्या परेको देखिन्छ। साथै खेतीवालीमा जंगली जनावर जस्तै हात्ती र वाँदरको आतंक विशेष गरी वार्ड नं. १, २, र ३ मा यसको प्रभाव बढी देखिएको छ। यी समस्याहरूलाई सम्वोधन गर्न दीर्घकालीन योजनावद्ध प्रयासहरु आवश्यक देखिन्छ।

## ४. विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन

नगरपालिकाका विभिन्न क्षेत्रहरू प्राकृतिक विपद्को उच्च जोखिममा रहेका छन्, विशेष गरी बाढी, नदी कटान, र डुबान समस्या गम्भीर रूपमा देखिएको छ। चाँदी खोलाका दुवै किनारामा रहेका वार्ड नं. ३, ४, ५, ८, र १० मा बाढीको जोखिम उच्च रहेको देखिन्छ। त्यस्तै, वार्ड नं. १ मा रहेको पौराही खोलाले डाबारी टोलकों सुकुम्बासी बस्तीलाई प्रत्यक्ष असर पार्ने खतरा बढ्दो क्रममा छ। वार्ड नं. २ मा हर्दिया खोलाले कटान गरिरहेकाले खोला आसपासका बस्तीहरु उच्च जोखिम रहेका छन्। साथै, नगरका विभिन्न स्थानहरू विशेष गरी ठोकर टोल, सकुनु घारी (वार्ड नं. ६), र सुन्दर बस्ती (वार्ड नं. ५) मा डुबानको समस्या रहेको छ। तसर्थ,यस्ता प्राकृतिक विपद् व्यवस्थापनका लागि दीर्घकालीन योजना, कार्यक्रम तथा रणनीतिहरु आवश्यक छ।

## ४. स्थानीय स्तरमा जलवायु परिवर्तन नीतिको आवश्यकता

(क)जलवायु परिवर्तनको प्रभाव स्थानीय तहमा प्रत्यक्ष अनुभूत हुनु।

(ख)प्रत्येक स्थानको भौगोलिक, सांस्कृतिक, सामाजिक र आर्थिक स्थिति फरक हुने कारणले गर्दा स्थानीय स्तरमा जलवायु परिवर्तनको प्रभावलाई व्याख्या गर्न, अनुकूलनका उपायहरू लागू गर्न र विभिन्न समुदायका आवश्यकतामा आधारित समाधानहरू खोज्नका लागि स्थानीय स्तरको जलवायु परिवर्तन नीतिको आवश्यकता रहन्छ।

(ग) अन्तर्राष्ट्रिय रूपमा पेरिस सम्झौता(Paris Agreement) र दिगो विकास (SDG-१३) ले स्थानीय तहमा जलवायु अनुकूलनलाई प्राथमिकता दिएको छ भने, नेपाल सरकारले जलवायु परिवर्तन नीति २०७६ तथा राष्ट्रिय अनुकूलन योजना (NAP, २०२१) मार्फत स्थानीय तहलाई जलवायु रणनीति बनाउन प्रोत्साहित गरेको छ।

(घ) चद्रपुर नगरपालिकाभित्र देखिएका प्रभाव न्यूनीकरण गर्न पनि स्थानीय स्तर बाटै नीतिगत हस्तक्षेप आवश्यकता पर्दछ जसबाट जलवायु जोखिम मूल्यांकन, वित्तीय स्रोत परिचालन, पूर्व-सूचना प्रणाली तथा आपत्कालीन व्यवस्थापनमा सुधार ल्याउन सकिन्छ।

(ङ) स्थानीय नीतिले संघ, प्रदेश, र स्थानीय तहबीच समन्वय वृद्धि गर्दै अन्तर्राष्ट्रिय स्रोतहरू (जस्तै Green Climate Fund) परिचालन तथा दिगो विकास प्रवर्धन गरि उत्थान्शील नगरपालिका बनाउन मद्दत गर्छ।

(च) जलवायु परिबर्तनका कारण स्थानीय स्तरमा रहेका आफ्ना विशिष्ट समस्याहरू र समाधानहरू पहिचान गरि स्थानीय विशेषता अनुकुलका गतिविधिहरु संचालन गर्न

(छ)जलवायु परिबर्तनका कार्यक्रमहरुमा प्रत्यक्ष प्रभावित समुदायको सहभागिता सुनिश्चित गर्न।

(ज)स्थानीय सरकारलाई जलवायु परिवर्तनका विषयमा प्रशिक्षित गर्न, स्थानीय प्रशासनलाई आवश्यक श्रोत र क्षमता उपलब्ध गराउन र कार्यान्वयनका लागि आवश्यक संरचनाहरू बनाउन।

## ५. प्रस्तावना

जलवायु परिवर्तनको प्रभावले यस नगरपालिकाको प्राकृतिक स्रोत, कृषिका प्रणाली, स्वास्थ्य, शिक्षा, पूर्वाधार र जनजीवनमा नकारात्मक असर पारिरहेको छ। बाढी, खडेरी , असिना, चट्याङ, सितलहर, कटान र पहिरो जस्ता प्रकोपहरूले स्थानीय समुदायको जीवनस्तर र जीविकामा गम्भीर जोखिम उत्पन्न गरेका छन्। विशेष गरी कमजोर वर्गका समुदाय, जस्तै महिलाहरू, दलित, मधेसी, आदिवासी, र सीमान्तीकृत समूहहरु यी प्रभावहरूको प्रत्यक्ष मारमा परेका छन्।

यस प्रस्तावनाले चन्द्रपुर नगरपालिकामा जलवायु परिवर्तनका चुनौतीहरूको सामना गर्न र दीर्घकालीन समाधान खोज्न नीतिगत संरचना स्थापना गर्ने उद्देश्य राखेको छ। नगरवासीहरूको सक्रिय सहभागिता र सहकार्यमा आधारित यस नीतिले चन्द्रपुर नगरपालिकालाई जलवायु परिवर्तनका जोखिमहरूको प्रभावकारी रूपमा सम्बोदन गर्न, प्राकृतिक स्रोतहरूको संरक्षण तथा उपयोगलाई सन्तुलनमा राख्न र दिगो विकासका लक्ष्यहरूलाई साकार पार्न सहयोग गर्नेछ साथै चन्द्रपुर नगरपालिकालाई जलवायुमैत्री, समृद्ध र समावेशी बनाउने दिशामा मार्गदर्शन प्रदान गर्नेछ।

चन्द्रपुर नगरपालिकाको "स्थानीय जलवायु परिवर्तन नीति" नेपालको संघिय सरकारको राष्ट्रिय जलवायु परिवर्तन नीति, २०७६ (National Climate Change Policy, 2019) को मापदण्डलाई आधार मानेर तयार गरिएको छ।

## ६. लक्ष्य

जलवायु उत्थान्शील चन्द्रपुर नगरपालिकाको निर्माण गर्न सबै क्षेत्रहरूमा अनुकूलन (adaptation ) र न्यूनिकरण (mitigation) का उपायहरूलाई अवलम्बन गर्दै समावेशिता (inclusivity) र दिगोपन (sustainability) को सुनिश्चितता मार्फत आर्थिक, सामाजिक, सांस्कृतिक र वातावरणीय पक्षहरूलाई एकीकृत गरेर नगरपालिकाको समग्र विकासमा योगदान पुर्याउने।

यस नीतिका मुख्य लक्ष्यहरु निम्न प्रकार छन्

(क) जलवायु परिबर्तन सम्बन्धी समन्वय गर्न २०८२ साल भित्र आवश्यक ऐन निर्माण गरि समन्वय समिति निर्माण गर्ने।

(ख) आगामी एक बर्ष भित्र नगरपालिकामा जलवायु परिबर्तन सम्बन्धी कार्यक्रम हेर्ने छुटै शाखा वा सम्पर्क विन्दु (focal point) को निर्माण गर्ने।

(ग) २०८२ साल भित्र विभिन्न संघ संस्थाको सहयोगर्थ र स्थानीय निकायको आर्थिक श्रोत समेत परिचालन गरि समुदायमा आधारित अनुकुलन योजना निर्माण मार्फत अनुकुलन कार्यहरु कार्यान्वयनको शुरुवात गर्ने।

(घ) जलबायु परिबर्तन तथा अतिक्रमणको कारण बिनास हुँदै गएका सिमसार क्षेत्रलाई संरक्षण गर्न २०८२ साल भित्र एकिकृत सिमसार संरक्षण योजना निर्माण गरि कार्यान्वयनको शुरुवात गर्ने।

(ङ) २०८२ साल भित्र सामुदायिक बनमा देखिएका मिचाहा झार (बनमारा) व्यवस्थापनको लागि सम्बन्धित निकायसंग समन्वय गरि हरियाली कायम राख संरक्षणको सुरुवात गर्ने।

(च) सामाजिक आर्थिक विकासलाई जलवायु अनुकुल बनाउन आगामी एक वर्ष भित्र नदि उकाश क्षेत्रहरुको रेखांकन, पहिचान तथा नक्सांकन गरि उक्त क्षेत्र भित्र वृक्षारोपण तथा आयआर्जनका गतिविधिहरु संचालनको शुरुवात गर्ने।

(छ) जलबायु परिबर्तनका कारण जोखिममा रहेका प्राकृतिक सम्पदा, संस्कृतिक क्षेत्र को पहिचान गरि संरक्षणको सुरुवात गर्ने।

(ज) जलबायु परिबर्तनका कारण कृषि तथा पशुपालनमा देखिएका समस्या समाधान गर्न २०८२ साल भित्र कृषि सूचना प्रविधिको बिकास गरि कृषकको हात हातमा सुचनाको पहुँच बिस्तार गर्ने।

(झ) आगामी दुई बर्ष भित्र जलवायु अनुकुलन कृषि अभ्यासहरु लागु गर्न सम्पूर्ण कृषकहरुको माटो जांचको व्यवस्था गर्ने।

(ञ) जलबायु परिबर्तनको कारण कृषि बालीमा देखिएको रोगकिरा नियन्त्रण गर्न कृषकले अपनाएको रासायनिक मल तथा विषादीको उच्च प्रकोग निरुत्साहित गर्न २०८३ साल भित्र कृषकहरुलाई जैविक मल उत्पादन तथा जैविक किटनाशक सम्बन्धी तालिम सम्पन्न गर्ने।

(ट) २०८२ साल भित्र जलवायु परिवर्तनको कारण हुने प्राकृतिक प्रकोपहरु जस्तै लू, सितलाहर,बाढी, आगलागी, खडेरी तथा अन्य प्रकोपहरुको पूर्व चेतावनी सम्बन्धी एकिकृत प्रविधिको विकास गर्ने।

(ठ) आगामी दुई वर्ष भित्र नगरपालिका भित्र देखिएको ढल तथा फोहोरको उचित व्यवस्थापन गरि उक्त फोहोरबाट हुने हरित ग्यास (methane) उत्सर्जनलाई कमि गर्ने।

(ड) आगामी दुई वर्ष भित्र नगरपालिका भित्र रहेका उद्योग (ईट्टा-भट्टा) हरुलाई जलबायु मैत्री बनाउने योजना तयार गरि हरित ग्यास (carbon) उत्सर्जनलाई कमि गरि आम नागरिकको स्वास्थ्यमा पुगेको असरलाई कमि गर्ने।

(ढ) जलवायु परिबर्तनको कारण हुने अत्यधिक वर्षा र नदिमा बाढी आइ हुने मानवीय, आर्थिक तथा भौतिक क्षति कम गर्न संग, प्रदेश र स्थानीय श्रोत समेत परिचालन गरि नदि नियन्त्रण तथा

डुबान समस्या समाधान गर्न क्रमिकरुपले समन्वय गरि आगामी ५ वर्ष भित्र प्रभावित समुदायलाई सुरक्षित गर्ने।

(ण) जलवायु परिवर्तको कारण जमिन भित्रको सुक्दै गएको पानीको श्रोतलाई पुनर्जीवित गर्न चुरे क्षेत्रमा कम्तिमा ४ वटा संरक्षित पोखरी आगामी दुइ वर्ष भित्र निर्माण सम्पन्न गर्ने।

७. उद्देश्यहरू

(क)समुदायमा आधारित अनुकुलन योजना मार्फत जलवायुजन्य जोखिमहरू कम गर्ने

- स्थानीय समुदायहरूको सहभागितामा जोखिम पहिचान, विश्लेषण, र न्यूनीकरणका लागि योजना निर्माण गर्ने।
- विपद् व्यवस्थापनका लागि स्थानिय स्रोतहरूको उपयोग गर्दै सुरक्षित आवास, कृषि सुधार, र जल व्यवस्थापन गर्ने।

(ख)स्थानीय शासन र विकास क्रियाकलापहरूमा जलवायु अनुकूलन र न्यूनीकरणलाई मूल-प्रभाहिकरण गर्ने।

- नगरपालिकाको योजना तथा बजेटिङमा जलवायु परिवर्तनलाई प्राथमिकतामा राख्ने।
- वातावरण मैत्री पूर्वाधार निर्माण तथा दिगो विकासमा आधारित नीति निर्माण तयार गर्ने।
- स्थानीय विकास परियोजनाहरूमा नवीकरणीय ऊर्जा, जैविक कृषि, र हरित प्रविधिको प्रयोगलाई प्रोत्साहन गर्ने।

(ग) जलवायु सम्वन्धी कार्यहरूमा लैंगिक समानता, सामाजिक समावेशीकरण र जीविकोपार्जन सुरक्षालाई प्रवर्द्धन गर्ने।

- महिलाहरू, दलित, जनजाति, मधेसी, र अन्य जोखिम समूहहरूको जलवायु अनुकूलन क्षमताको विकास गर्ने।
- जलवायु परियोजनाहरूमा उक्त समुदायको प्रत्यक्ष सहभागिता सुनिश्चित गर्ने।
- दिगो रोजगारीका अवसरहरू सिर्जना गर्दै आयस्रोत वृद्धि गर्ने कार्यक्रमहरूको प्रबर्धन गर्ने।

(घ) जलवायु शासन (Climate Governance) र स्रोत परिचालनका लागि संस्थागत क्षमताहरू वृद्धि गर्ने।

- स्थानीय निकायहरूलाई जलवायु सम्बन्धी नीति, योजना, र कार्यान्वयनमा सक्षम बनाउने।
- प्राविधिक तथा वित्तीय स्रोतहरू जुटाउन सरकारी, गैरसरकारी, र अन्तर्राष्ट्रिय साझेदारहरूसँग सहकार्य गर्ने।
- स्थानीय विपद् व्यवस्थापन समितिहरूको क्षमता अभिवृद्धि गर्दै नीति कार्यान्वयनमा दक्षता वृद्धि गर्ने।

## ८. नीतिहरु

माथि उल्लेखित लक्ष्य तथा उद्देश्यहरु पुरा गर्न देहाय बमोजिमका विषय क्षत्रगत नीति, रणनीति तथा कार्यनीतिहरु अबलम्बन गरिने छ।

### ८.१. कृषि तथा खाद्य सुरक्षा

**नीति**

जलबायुमैत्री कृषि प्रणाली अबलम्बन गरि खाद्य सुरक्षा, पोषण तथा जिबिकोपार्जनमा सुधार गरिने छ।

**रणनीति तथा कार्यनीतिहरु**

(क) कृषि जैविक विविधता संरक्षण र प्रवर्द्धन साथै हरित प्रविधिहरू तथा जलवायु-मैत्री उपायहरू अपनाई दिगो उत्पादन प्रणाली सुनिश्चित गरिनेछं।

(ख) दिगो, प्रतिस्पर्धात्मक, र एकीकृत कृषि प्रणाली लागू गरी कृषकहरूको उत्पादनशीलता वृद्धि गरि कृषि अर्थतन्त्रलाइ सुदृढ गरिनेछ।

(ग) बालीनालीमा लाग्ने रोगकिरा सम्बन्धी पूर्व-सूचना प्रणालीको विकास गरि प्रभावकारी रूपमा सञ्चालन गरिनेछ।

(घ) स्थानीय जैविक मल उत्पादन तथा प्रशोधन केन्द्रको स्थापना गरी यसको प्रयोग प्रवर्द्धन गरिनेछ।

(ङ) जैविक विषादी प्रविधि प्रसार गर्दै किसानलाई सुरक्षित तथा दिगो कृषि अभ्यासमा सहभागी गराइनेछ।

(च) माटो परीक्षणको व्यवस्था बृहत रूपमा सञ्चालन गरी माटो प्रोफाइल तयार गरिनेछ।

(छ) खडेरी तथा पानी अभावलाई ध्यानमा राख्दै सिंचाइ प्रणालीलाई प्रभावकारी बनाउन कुलो प्रवर्द्धन गरिनेछ साथै अन्य वैकल्पिक सिंचाइ प्रविधिहरू लागु गरिनेछ।

(ज) विउ उत्पादकहरूसँग समन्वय गर्दै उन्नत बिउ प्रवर्द्धन गरिनेछ।

(झ) चुरे क्षेत्रको भौगोलिक अवस्था तथा माटोको उर्बरतालाइ ध्यानमा राखी अलैंची तथा अन्य उच्च मूल्यांकन भएका बालीहरूको अध्ययन र प्रवर्द्धन गरिनेछ।

(ञ) पशु रोग नियन्त्रण, चरण क्षेत्रको उचित व्यवस्थापन, तथा दुग्धजन्य उत्पादन प्रवर्द्धन गरिनेछ साथै दुग्ध उत्पादन लागत घटाउन उन्नत घाँसमा आधारित पशुपालन प्रणाली अपनाइनेछ।

(ट) सामुदायिक वन क्षेत्रमा उन्नत डाले घाँस, भुइँघाँस, र बहुवर्षीय घाँसखेती प्रवर्द्धन गरी पशुपालन व्यवसायलाई टिकाउ बनाइनेछ।

(ठ) कृषि तथा पशुपालन क्षेत्रमा जलवायुजन्य प्रकोपबाट हुने विपद जोखिम को बीमा गर्ने व्यवस्था गरिनेछ।

## ८.२. वन, जैविक विविधता तथा जलाधार संरक्षण

नीति

जलवायु उत्थान्शील परिस्थितिकीय प्रणालीको विकास गरि दिगो वातावरणीय सेवाहरुको सुनिश्चितता गरिनेछ।

रणनीति तथा कार्यनीतिहरु

(क) चुरे क्षेत्रमा वृक्षारोपण, आयआर्जन तथा वनमा आधारित उद्यम सञ्चालन र बजारीकरण गरिनेछ।

(ख) वन क्षेत्रमा हुने डढेलो नियन्त्रण र मानव-वन्यजन्तु द्वन्द्व न्यूनीकरणका लागि संरक्षण पोखरी निर्माण गरिनेछ।

(ग) जलाधार व्यवस्थापन तथा बहुउपयोगी पोखरी निर्माण गरी आयआर्जनका लागि माछापालन कार्यक्रम सञ्चालन गरिनेछ।

(घ) संरक्षण सचेतना कार्यक्रम सञ्चालन गरी समुदायलाई वन तथा जैविक विविधताको महत्त्वबारे जानकारी दिइनेछ।

(ङ) स्थानीय रैथाने बालि तथा बोटबिरुवा तथा वनस्पतिको बीउ संकलन, बिरुवा उत्पादन तथा वितरण गरि रैथाने बालि पर्बर्दन गरिनेछ।

(च) मिचाहा प्रजातिका झारहरूको संकलन तथा प्रशोधन गरि प्राङ्गारिक मल उत्पादन गरिनेछ।

(छ) सिमसार क्षेत्रहरूको संरक्षण तथा व्यवस्थापन प्रभावकारी रूपमा गरिनेछ।

(ज) नदी किनार तथा नदि उकाश क्षेत्रहरुमा वृक्षारोपण तथा जैविक प्रविधि (Bio-Engineering Works) निर्माण कार्य सञ्चालन गरि हरियाली प्रबर्धन गरिनेछ।

(झ) वन अतिक्रमण नियन्त्रण गर्न कानुनी प्रावधानहरू कडाइका साथ लागू गरिनेछ।

## ८.३. जलस्रोत र ऊर्जा

नीति

जलस्रोतको बहूपयोग,संरक्षण तथा नवीकरणीय उर्जाको उत्पादन, प्रवर्धन तथा प्रयोगलाई प्रोत्सहन गरिनेछ।

रणनीति तथा कार्यनीतिहरु

(क) भूमिगत जलस्रोतको पुनर्भरण एवम् बहुउपयोगको निम्ति बर्षातको पानी संकलन गर्ने पोखरीहरु निर्माण गरिनेछ।

(ख) नवीकरणीय ऊर्जा प्रवर्द्धन गर्दै सौर्य ऊर्जाबाट चल्ने सिँचाइ प्रणाली, बायोग्यास प्रविधि, तथा पानी संकलन संरचनाहरू विस्तार गरिनेछ।

(ग) भू-जल पुनर्भरणलाई प्राथमिकतामा राखी सिमसार क्षेत्रहरूको पुनर्स्थापना तथा संरक्षण गरिनेछ।

८.४. ग्रामीण र शहरी बसोबास

**नीति**

सुरक्षित, दिगो तथा उत्थान्शील बसोबास र पुर्वाधारको प्रवर्धन तथा बिकासं गरि जलवायु मैत्री गाउँ र सहरको निर्माण गरिने छ।

**रणनीति तथा कार्यनीतिहरु**

(क) स्थानीय स्तरमा भू -उपयोग योजना तर्जुमा गर्दा जलबायु परिबर्तनका जोखिमहरुको आधारमा वन, कृषि, आवास तथा औधोगिक क्षेत्रहरुको निर्धारण गरिनेछ।

(ख) अव्यवस्थित शहरी तथा ग्रामिण वस्तीहरु एवम् जल्वायुजन्य जोखिम क्षेत्रमा बसोबास गरेका समुदाय लक्षित अनुकुलन कार्यक्रम संचालन गरिनेछ।

(ग) ग्रामिण र शहरी बस्ति पूर्वाधार एवम् घरहरु व्यवस्थित गर्न मापदण्ड तयार गरि लागु गरिनेछ।

(घ) ग्रामिण र शहरी बस्ति निर्माण गर्दा हरित गाउँ / शहरको अवधारणा अनुसरण गर्दै सडक किनारा र खाली रहेका जमिनमा वृक्षारोपण गर्नुका साथै उद्यानहरु निर्माण गरिनेछ।

(ङ) शहरी क्षेत्रका सडकहरु निर्माण गर्दा पैदल मार्गको व्यवस्था गरिनेछ।

८.५. खानेपानी, स्वास्थ्य तथा सरसफाई

**नीति**

जलवायुजन्य प्रकोपबाट मानव स्वास्थ्यमा पर्ने प्रतिकुल प्रभावलाई न्यूनीकरण गर्दै स्वस्थ जीवनयापनको वातावरण तयार गरिने छ।

**रणनीति तथा कार्यनीतिहरु**

(क) सफा खानेपानीको पहुँच विस्तार गर्दै जमिनमुनि पानीको सतह घट्दो स्थितिलाई ध्यानमा राखी वैकल्पिक उपायहरू, प्रबिधि तथा संरचनाहरु (जस्तै, वर्षा पानी संकलन,भू-जल पुनर्भरण) निर्माण तथा अवलम्बन गरिने छ।

(ख) सिमसार क्षेत्रको संरक्षण तथा पुनर्स्थापना कार्यक्रम सञ्चालन गरिनेछ।

(ग) स्वच्छता तथा सरसफाई अभियान सञ्चालन गरी जनचेतना वृद्धि गरिनेछ।

(घ) ढल व्यवस्थापन सुधार गरी व्यवस्थित ढल निकास प्रणाली निर्माण गरिनेछ।

(ङ) जलवायु संवेदनशील रोग न्यूनीकरण तथा रोकथामका लागि स्वास्थ्य सेवा विस्तार गरिनेछ साथै रोकथाम गर्ने संयन्त्रको विकास गरिनेछ।

(च) फोहोर व्यवस्थापन र स्वच्छता प्रवर्द्धन गर्दै मुख्य सडक तथा वस्तीमा फोहोर जलाउने प्रवृत्ति नियन्त्रण गरिनेछ

(छ) जोखिमपूर्ण र घातक फोहर जन्य पदार्थको उचित व्यवस्थापन र अन्य फोहोरहरूलाई उर्जा उत्पादनमा प्रयोग गर्न प्रोत्साहन गरिनेछ।

८.६. लैङ्गिक समानता, अपाङ्गता, र सामाजिक समावेशीकरण

नीति

जलवायु सम्वन्धी नीति निर्माण, संस्थागत संरचना तथा कार्यक्रम कार्यन्वयनमा लैंगिक तथा सामाजिक समवेशीकरणलाइ मुलप्रवाहीकरण गर्दै जीविकोपार्जनमा सहजीकरण गरिने छ।

रणनीति तथा कार्यनीतिहरु

(क) जलवायु अनुकूलन योजनाहरूमा समावेशीकरण गर्दै महिला, दलित, मधेसी, अपांगता भएका, जेष्ठ नागरिक तथा संकटासन्न समुदायलाई प्राथमिकता दिइनेछ।

(ख) जलवायु परिवर्तन योजनाहरूमा समान अवसरको सुनिश्चितता गर्दै सबै समुदायलाई विशेष गरी लक्षित समूहहरूलाई समावेश गरिनेछ।

(ग) जलवायु परियोजनाहरूमा लक्षित समुदायहरूको प्रत्यक्ष सहभागिता सुनिश्चित गरिनेछ।

(घ) जलवायु परिवर्तन सम्वन्धी नीति, योजना, र निर्णय प्रक्रियामा लक्षित समुदायको अर्थपूर्ण प्रतिनिधित्व तथा सहभागिता बढाइनेछ।

(ङ) जलवायु परिवर्तनबाट जोखिमयुक्त समूहका लागि जीविकोपार्जन कार्यक्रम सञ्चालन गरी प्रभावित समुदायलाई आयआर्जनका अवसरहरू सिर्जना गरिनेछ।

८.७. उद्योग, यातायात, र भौतिक पूर्वाधार

नीति

वातावरणमैत्री उद्योग तथा यातायातको प्रवर्धन र भौतिक पूर्वाधारको निर्माण गरि जलवायु उत्थानशील आर्थिक विकासको अवधारण अवलम्वन गरिने छ।

रणनीति तथा कार्यनीतिहरु

(क) जलवायु प्रतिरोधी निर्माण मापदण्डको निर्माण तथा पालना गर्दै बाढी तथा अन्य प्राकृतिक विपद् रोकथाममा जलवायु प्रतिरोधी संरचनाहरू विकास गरिनेछ।

(ख) पूर्वाधार सुधार तथा विस्तार गर्दै सुरक्षित सडक, पुल, तथा यातायात प्रणालीको विकास गरिनेछ।

(ग) हरित ऊर्जा प्रयोग प्रवर्द्धन गर्दै विद्युतीय सवारी साधन, हरित यातायात, तथा न्यून कार्बन उत्सर्जनयुक्त उद्योगको प्रोत्साहन तथा प्रवर्धन गरिनेछ।

८.८. पर्यटन, प्राकृतिक र सांस्कृतिक सम्पदा संरक्षण

नीति

पर्यटन क्षेत्रलाई जलवायुमैत्री बनाउंदै महत्वपूर्ण प्राकृतिक,सामाजिक र सांस्कृतिक सम्पदाहरुको संरक्षण र बिकास गरिनेछ।

रणनीति तथा कार्यनीतिहरु

(क) प्राकृतिक सम्पदाको प्रवर्द्धन गर्दै चुरे क्षेत्र, जैविक विविधता तथा सिमसार क्षेत्रहरूको दीर्घकालीन संरक्षणका लागि ठोस योजना लागू गरिनेछ।

(ख) सांस्कृतिक सम्पदाको पुनर्स्थापना गर्दै जलवायु परिवर्तनका कारण जोखिममा परेका सम्पदाहरूको संरक्षण तथा पुनर्निर्माण गरिनेछ।

(ग) पर्यावरणीय हिसाबले टिकाउ पर्यटन प्रवर्द्धन गर्दै जलवायु परिवर्तनको प्रभाव न्यूनीकरण गर्न दीर्घकालीन पर्यटन रणनीति बनाइनेछ।

## ८.९. विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन

नीति

जलवायुजन्य प्रकोपवाट व्यक्तिको जीवन तथा सम्पति, स्वास्थ्य, जीविकोपार्जन, भौतिक पूर्वाधार र सांस्कृतिक एवम् वातावरणीय सम्पदामा हुने क्षतीको न्यूनीकरण गरिने छ।

रणनीति तथा कार्यनीतिहरु

(क) जोखिमयुक्त क्षेत्रहरूमा तटवन्ध निर्माण गर्दै वाढी र डुबान जोखिम न्यूनिकरण गरिनेछ।

(ख) डुबान क्षेत्रहरूको पहिचान गरी पानी निकास प्रणाली सुधार गरिनेछ।

(ग) स्थानीय स्तरमा विपद् जोखिम न्यूनीकरण योजना निर्माण गर्दै बाढी, पहिरो, आगलागी, र अन्य प्राकृतिक विपद्को जोखिम न्यूनीकरण गरिनेछ।

(घ) स्थानीय समुदायको सहभागितामा विपद् पूर्वतयारी योजना (जस्तै, सुरक्षित स्थान निर्धारण र उद्धार योजना) निर्माण गरी प्रभावकारी कार्यान्वयन गरिनेछ।

(ङ) आपतकालीन प्रतिक्रिया प्रणाली स्थापना गर्दै समुदायस्तरमा आपतकालीन प्रतिक्रिया टोली गठन गरिनेछ।

(च) जनचेतना कार्यक्रम सञ्चालन गर्दै विपद् न्यूनीकरण सम्वन्धी तालिम तथा अभ्यास कार्यक्रम कार्यान्वयन गरिनेछ।

(छ) प्राविधिक सहयोग विस्तार गर्दै विपद् व्यवस्थापनमा नवीनतम प्रविधिहरूको प्रयोग गरिनेछ।

## ८.१० जनचेतना अभिवृदि तथा क्षमता विकास

नीति

जलवायु परिवर्तनको प्रभाव र जोखिम सम्वन्धमा जनचेतना अभिवृद्धि गर्दै अनुकुलन र न्युनिकणका उपायहरु अवलम्बन गर्न स्थानीय समुदाय लगायत सबै सरोकारवालाहरुको क्षमता विकास गरिने छ।

रणनीति तथा कार्यनीतिहरु

(क) विषयगत क्षेत्रहरुमा जलबायु परिबर्तनको असर र जोखिम एवम् न्यूनीकरण र अनुकुलनका सम्बन्धमा विभिन्न माध्यमहरु बाट प्रचार प्रसार गरिनेछ।

(ख) स्थानीय पाठ्यक्रममा जलवायु परिवर्तन समावेश गर्दै जलवायु शिक्षालाई प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ।

(ग) जलबायु उत्थानशिलतालाई बिकास कार्यक्रमहरुमा मुलप्रवाहिकरण गर्न नगरपालिका भित्रका सम्बन्धित शाखा, उपशाखा तथा वडा कार्यालयहरुको संस्थागत क्षमता अभिबृद्धी गरिनेछ।

(घ) जलबायु परिबर्तन सम्बन्धी प्रचार प्रसार तथा क्षमता अभिवृद्धि गर्न स्थानीय निकायमा क्रियाशील संघ संस्था तथा सरोकारवाला निकायसंग सहकार्य गरिनेछ।

८.११. अनुसन्धान, प्रविधि बिकास र प्रचार

नीति

जलवायु परिवर्तनसँग सम्वन्धित आध्ययन, अनुसन्धान एवम् प्रविधि विकास र प्रसारलाई प्रोत्साहन गरिनेछ।

रणनीति तथा कार्यनीतिहरु

(क) जलवायु परिवर्तनले विभिन्न विषयगत क्षेत्रहरुमा पारेको असरको अध्ययन अनुसन्धान गर्दै यसको नतिजालाई निर्णय प्रक्रियामा आवद्ध गरिनेछ।

(ख) जलवायुमैत्री स्थानीय प्रविधिहरुको पहिचान गरि विकास र प्रयोगलाई प्रवर्धन गरिने छ।

(ग) जलवायु परिवर्तन न्यूनीकरण तथा अनुकुलन सम्वन्धी अनुसन्धान तथा प्रविधि विकास गर्न निजि क्षेत्रको सहभागितामा जोड दिइनेछ।

८.१२ जलवायु वित्त व्यस्थापन

नीति

जलवायु परिवर्तन सम्बन्धी नीतिहरुको कार्यन्वयनका लागि स्थानीय श्रोतको पहिचान गर्नुका साथै संघ, प्रदेश तथा स्थानीय संघ संस्थाको श्रोतमा पहुँच वढाई सवै श्रोतको न्यायोचित रुपमा परिचालन गरिने छ।

रणनीति तथा कार्यनीतिहरु

(क) सवै तहका विषय क्षेत्रगत योजनाहरुमा जलवायु परिवर्तन वजेट सुनिश्चित गरिनेछ।

(ख) महिला,अल्पसंख्यक, पिछडिएका वर्ग, जलबायु परिबर्तनबाट प्रभावित क्षेत्र र संकटा सन्न समुदाय लक्षित बजेट बिनियोजन सुनिश्चित गरिनेछ।

(ग) संघ, प्रदेश तथा बिभिन्न निकायबाट प्राप्त जलबायु वित्त परिचालन गर्दा प्रशासनिक खर्च कम गर्दै कम्तिमा ८० प्रतिसत रकम स्थानीय अनुकुलन तथा न्यूनीकरण क्रियाकलापमा खर्च गरिनेछ।

(घ) अन्तरास्ट्रिय निकायसंगको आर्थिक सहकार्यको पहुँचलाइ बिस्तार गर्ने नीति अवलम्बन गरिनेछ।

## ९. संस्थागत संरचना

(क) जलबायु परिबर्तनको बिषयमा समन्वय गर्न नगरपालिकाले जलबायु परिवर्तन सम्वन्धी कानुनी व्यवस्थामा उल्लेख भए बमोजिमको संयोजकत्वमा एक समन्वय समिति गठन गर्ने छ।

(ख) नगरपालिका भित्र जलबायु परिबर्तन सम्बन्धी कार्यक्रम हेर्ने छुट्टै शाखा वा सम्पर्क बिन्दु (focal point) को निर्माण गरिने छ।

(ग) यस नीति अन्तर्गतका रणनीति तथा कार्यनीतिहरु कार्यन्वयन सहजीकरणको लागि उक्त समन्वय समितिले सम्पर्क ब्यक्ति(focal person) को व्यवस्था गर्ने छ।

## १०. नीति कार्यान्वयन

(घ) नगरपालिका मातहतका सम्बन्धित शाखा, गैर सरकारी संस्था, समुदाय, निजि क्षेत्र, शैक्षिक संस्था लगायत सरोकारवालाहरुको समन्वय र सहकार्यमा जलवायु परिवर्तन अनुकुलन र न्यूनीकरणका कार्यक्रमहरु कार्यन्वयन गर्ने।

(ङ) नगरपालिका भित्रका सबै वडाहरुको जलबायु सम्वेदनशील जोखिम नक्सा तथा अनुकुलन तथा न्यूनीकरण कार्ययोजना तयार गरि कार्यक्रमहरु कार्यन्वयन गर्ने।

(च) जलबायु परिबर्तन बाट प्रभावित अति सम्बेदनशील समुदाय, वर्ग विषेश गरि दलित मधेसी तथा लैंगिक अल्पसंक्येक समुदाय, अपाङ्गता भएका ब्यक्ति, जेष्ठ नागरिक महिलाहरुको लागि "लैंगिक जलबायु मैत्री कार्ययोजना" (Gender mainstreaming in climate change Action Plan) तयार गरि कार्यक्रमहरु कार्यन्वयन गर्ने।

(छ) जलवायु परिबर्तनलाई समुदाय स्तरमा साथै स्थानीय शैक्षिक कार्यक्रममा समेत समावेष गरि जलबायु स-चेतना कार्यक्रम संचालन गर्ने।

## ११. आर्थिक पक्ष

यो नीति कार्यान्वयन गर्न संघीय र प्रदेश सरकारबाट प्राप्त बजेट,अन्तर्राष्ट्रिय दातृ संस्था तथा स्थानीय संघ संस्था बाट प्राप्त सहयोग साथै स्थानीय स्रोत परिचालन गरिने छ।

## १२. कानुनी व्यवस्था

यो नीति कार्यान्वयन गर्न आवश्यक कानुन, रणनीति, निर्देशिका,कार्यविधि तथा योजना तर्जुमा गरि लागु गरिने छ।

१३. अनुगमन तथा मुल्यांकन

(क) यो नीति कार्यान्वयन सम्बन्धी अनुगमन तथा मुल्यांकनको प्रार्थमिक जिम्मेवारी नगरपालिकाको हुनेछ।

(ख) यो नीति कार्यान्वयनको लागि स्थानीय तह, सामुदायिक संस्था, र निजी क्षेत्रको प्रतिनिधित्व रहने समन्वय समिति गठन गरिने छ।

(ग) यो नीति कार्यान्वयनको अनुगमनको लागि समन्वय समितिलाई आवस्यक प्रशिक्षण र स्रोत सामग्री उपलब्ध गराउने।

(घ) जलवायु परिवर्तनको अनुकूलन र न्यूनीकरण नीतिले अबलम्बन गरेका रणनीति तथा कार्यनीतिको कर्यान्वयन प्रभावकारिता मापन गर्नका लागि उपयुक्त सूचकांकहरूको निमार्ण गरि मापन गरिने छ।

(ङ) यो नीतिको प्रत्येक ५ वर्षमा कार्यान्वयन प्रगतिलाई समीक्षा गरी आवश्यक परिमार्जन तथा पुनरावलोकन गरिने छ।

(च) सूचकांकहरूको प्रभावकारिता मापन गर्नका लागि स्थानीय स्तरमा तथ्यांक संकलन प्रणाली निर्माण गरि तत्यांकहरुको अभिलेख चुस्त दुरुस्त राखिने छ।

१४. जोखिम

यो नीति कार्यान्वयन गर्न आर्थिक श्रोतको परिचालन ,नविन प्रबिधिको उपयोग तथा सरोकारवालाहरु बीच समन्वयको जोखिम रहन्छ।

१५. निष्कर्ष

यस नीतिले चन्द्रपुर नगरपालिकाको जलवायु परिवर्तन अनुकूलन क्षमता बढाउन, दिगो विकास सुनिश्चित गर्न, र पर्यावरणीय सन्तुलन कायम राख्न सहयोग पुऱ्याउनेछ। स्थानीय स्तरमा यो नीति लागू गर्न समुदायको सक्रिय सहभागिता अत्यावश्यक छ।

आज्ञाले
डा. श्रवण कुमार साह
प्रमुख प्रशासकीय अधिकृत

डा. श्रवण कुमार साह
प्रमुख प्रशासकीय अधिकृत